**कोरोना भाइरससम्बन्धी प्रदेश २ अवस्था**
**धनुषा । ०७७ वैशाख १३ गते**

प्रदेश २ मा वैशाख १३ गतेसम्म कोरोना भाइरसका शङ्कास्पद १ हजार २ सय ९० जनाको स्वाब संकलकन गरिएकोमा ६ सय ३१ को रिपोर्ट नेगेटिभ आएको छ भने पाँच जनाको रिपोर्ट पोजेटिभ आएको छ । ६ सय ५४ जनाको रिपोर्ट आउन बाँकी रहेको प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

यस प्रदेशमा पीसीआर परीक्षण मार्फत पोजेटिभ प्रमाणित भएका पाँच जनाको पर्साको बीरगञ्जस्थित नारायणी अस्पतालमा उपचार भइरहेको छ । जसमध्ये पर्सा जिल्लाका तीन जना र रौतहट जिल्लाका एक जना कोरोना सङ्क्रमितको लगातार दोस्रो पटकको पीसीआर परीक्षणबाट समेत नेगेटिभ आएको सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले बताउनु भयो ।

त्यसैगरी, वैशाख १३ गतेसम्म आरडीटी किटबाट परीक्षण ४ हजार ४ सय ४८ जनाको गरिएकोमा ४ हजार ४ सय ३९ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने नौ जनाको रिपोर्ट पोजेटिभ आएको अवस्था रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

प्रदेशमा ३ हजार ६ सय ७५ क्वारेन्टाइन बेड सङ्ख्या रहेकोमा वैशाख १३ गतेसम्म १ हजार ४ सय ७० जना क्वारेन्टाइनमा रहेका छन् भने १ हजार ६ सय ३९ जना होमक्वारेन्टाइनमा रहेका छन् । कोरोना आशङ्का गरिएका २३ जना बिरामी आइसोलेशन वार्डमा उपचारार्थ छन् । प्रदेशमा आइसोलेशन बेड सङ्ख्या २ सय २७ रहेको छ ।

सिराहाका सात स्थानीय तहमा कोरोना भाइरस (कोभिड- १९) परीक्षणका लागि वैशाख १३ गते २ सय ५० जनाको स्वाब सङ्कलन कार्य सुरु भएको छ । बैशाख १२ गते देखि लहान, मिर्चैया, गोलबजार, धनगढी, कर्जन्हा नगरपालिका र अर्नामा र विष्णुपुर गाउँपालिकामा स्वाब सङ्कलन सुरु गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले बताउनु भयो । जिल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवका अनुसार राष्ट्रिय प्रयोगशाला टेकु काठमाडौंको टोली र जिल्ला स्वास्थ्य कार्यालयको टोलीले पीसिआर प्रविधिबाट कोरोना परीक्षण गर्न नमूना सङ्कलन गरेको बताउनु भयो । बैशाख १३ र १४ गते टोलीले नमूना सङ्कलन गरी काठमाडौं लगिने यादवले बताउनु भयो ।

बाराको कोल्हवी नगरपालिकाले प्रथम चरणमा ३ हजार २ सय ८६ लकडाउन प्रभावित र विपन्न परिवारलाई राहत वितरण गरेको नगर प्रमुख भरत बहादुर भण्डारीले बताउनु भयो । उहाँले प्रदेश सरकारले जारी गरेको राहत वितरण निर्देशिका र नगरपालिकाको कार्य विधि अनुसार पारदर्शीतरिकाले वितरण गरेको बताउनु भयो ।

लकडाउनको बेलामा पोखराबाट घर फर्किएका पर्साको छिपहरमाई गाउँपालिकाका ४३ जनालाई सोही गाउँपालिका वडा नं. ५ भिस्वामा स्थापना गरिएको क्वारेन्टिनमा राखिएको छ । उहाँहरु वैशाख १३ गते बिहान छिपहरमाई गाउँपालिकामा आइपुगेका हुन् । उहाँहरुसँग पाँच जना भारतीय नागरिक रहेका छन् भने अन्य पाँच जना धोवीनी गाउँपालिकाका रहेका छन् । पोखरामा बिभिन्न पेशा ब्यवसायमा संलग्न उहाँहरु लकडाउन लामो हुँदै गएपछि घर फर्किएका हुन् ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेल**का अनुसार प्रदेश २ का पाँच जनामा तथा सीमाको जिल्ला उदयपुरको त्रियुगा नगरपालिका-३ भुल्केमा २८ जनामा कोरोना सङ्क्रमित पुष्टि भएपछि सप्तरीसहित प्रदेश २ मा वैशाख १३ गतेदेखि कोरोना परीक्षणमा तीव्रता दिइएको छ ।

स्वास्थ्य मन्त्रालयले भिटिएमसहित पठाएको विज्ञ प्राविधिक स्वास्थ्यकर्मीहरूको ६ र जनकपुरको दुई गरी आठ ओटा टोलीले प्रदेश २ का आठओटै जिल्लाको २७ स्थानमा शङ्कास्पद कोरोना सङ्क्रमितको स्वाब सङ्कलन सुरू गरेको छ ।

स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, मेडिकल ल्यावोरेटरी एसोसिएसन अफ नेपाल (मेलान), नेपाली सेना, नेपाल प्रहरीबाट खटिएको प्राविधिक टोलीले स्वाब सङ्कलन सुरू गरेका छन् ।

प्रदेश २ का जोखिमयुक्त स्थानहरूमा १ हजार ५ सय २० जनाको पिसिआर नमूना सङ्कलन गर्न केन्द्रीय प्रयोगशालाका प्राविधिकसहितको टोली परिचालित भएको प्रदेश २ का सामाजिक विकास मन्त्रालयका सचिव रामप्रसाद घिमिरेले बताउनु भयो ।

सप्तरीका लागि ३ सय २० भिटिएम र १५ ओटा पिपिईसहित आएको प्राविधिकको टोलीले वैशाख १३ गते सप्तरीको बोदे बर्साइन नपा-५ को चन्द्रा नमूना माविमा स्वाब सङ्कलन गरे । शिलाजित, हिंग बेच्न आएका जुम्लाका तीन जना घुमन्ते व्यापारीसहित सप्तरीको बोदे बर्साइन, सुरूङ्गा, खडक नगरपालिका र बलान बिहुल गाउँपालिकाका १५ महिलासहित १ सय ६१ जनाको स्वाब सङ्कलन गरिएको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ । बोदे बर्साइन नगरपालिकाका १ सय ३ पुरूष, १० महिला, सुरूङ्गा नगरपालिकाका नौ पुरूष, तीन महिला, डाकनेश्वरी नगरपालिकाका २६ पुरूष, दुई महिला, बलान बिहुल गाउँपालिकाका तीन र खडक नगरपालिकाका दुई पुरूषको स्वाब सङ्कलन भएको छ ।

सङ्क्रमित फेला पर्न सक्ने सम्भावित सप्तरीको सुरूङ्गा नपा-११ अरहा भजक्का र सप्तकोशी नपा-१ फत्तेपुरमा वैशाख १४ गते स्वाब सङ्कलन गरिने छ । सप्तरीको स्वाबहरू परीक्षणका लागि बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान र अन्य जिल्लाका स्वाबहरू काठमाडौंको टेकुस्थित राष्ट्रिय प्रयोगशाला पठाइएको छ ।

उदयपुरको त्रियुगा नगरपालिका-३ भुल्केस्थित मस्जिदमा फेला परेका सङ्क्रमित जमातीहरू सप्तरीको कञ्चनरूप नगरपालिका-२ बरमझिया, वडा नम्बर १२ चर्खिया हुँदै सप्तकोशी नगरपालिका-१ फत्तेपुरस्थित मस्जिदमा बसेर गएका हुन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गत वैशाख ९ गते सङ्क्रमित पुष्टि गरेको भुल्केका ११ जनामध्ये दुई जना सप्तरीको सुरूङ्गा नपा-११ अरहा भजक्काको स्थायी वासिन्दा हुन् । बोदे बर्साइन नपा-५ जाँजरमा फागुन ३ देखि ५ गतेसम्म भएको धार्मिक सभा 'इज्तिमा' मा सहभागी १ लाख भन्दा बढी इस्लाम धर्मावलम्बीहरू नै जमातीका हैसियतले विभिन्न मस्जिदमा गएका हुन् ।

सप्तरीका उक्त तीन ओटै क्षेत्रलाई जोखिमयुक्त ठहर गर्दै जिल्ला सुरक्षा समितिले वैशाख ७ गते नै स्वाब सङ्कलन केन्द्र स्थापना गरी परीक्षण गर्ने निर्णय गरे पनि भिटिएमको अभावमा परीक्षण हुन पाएको थिएन । प्रदेश २ मा हुने १ हजार ५ सय २० जनाको स्वाब परीक्षणको नतिजाले प्रदेशको कोरोना सङ्क्रमितको अवस्था बारे जानकारी प्राप्त हुने र आगामी कार्ययोजना निर्धारण गर्न सहज हुनेछ ।

सप्तरीको १८ ओटा स्थानीय तहद्वारा सञ्चालित ३० ओटामध्ये विभिन्न क्वारेन्टाइनमा वैशाख १३ गते एक महिला र २८ पुरूष थप भएका छन् भने चार महिला र आठ पुरूष निगरानी अवधि सकिएर घर फर्किएका छन् । हाल २० महिला र १ सय ८० पुरूष गरी २ सय जना क्वारेन्टाइनमा बसेका छन् । हालसम्म ४० महिला र ६ सय ४२ पुरूष क्वारेन्टाइनमा राखिएकोमा २० महिला र ४ सय ६२ पुरूष घर फर्किसकेका छन् । होम क्वारेन्टाइनमा बस्नेको सङ्ख्या वैशाख १३ गते ७१ रहेको छ । वैशाख १३

गतेसम्म ७ सय ३३ जनाको आरडीटी परीक्षण भएकोमा चार जनाको रिपार्ट पोजेटिभ आएको थियो। ती चार जनाको समेत पीसीआर विधिबाट स्वाब परीक्षण गर्दा नेगेटिभ आएको छ।
स्वास्थ्य कार्यालयलाई प्राप्त ८ सय आरडीटी किटमध्ये ७ सय ८० ओटा विभिन्न स्वास्थ्य केन्द्रमा वितरण र प्रयोग भएको र २० ओटा बाँकी रहेको स्वास्थ्य कार्यालयले जनाएको छ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिनोद घिमिरेका अनुसार क्वारेनटाइनमा शङ्कास्पद बिरामीहरूलाई निगरानीमा राख्ने क्रम जारी रहेको बताउनु भएको छ। बैशाख १३ गतेसम्म ११ जना महिला ९४ जना पुरूष गरी १ सय ५ जना बसीरहेको उहाँले बताउनु भयो। त्यसैगरी होम क्वारेन्टाइनमा आठ महिला गरी २५ जना निगरानीमा रहेको डिएसपी घिमिरेले बताउनु भयो। १८ महिला र २ सय २० पुरूष गरी २ सय ३८ जना होम क्वारेन्टाइनबाट डिस्चार्ज भएको घिमिरेले बताउनु भयो।
जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले कोरोना परीक्षणको लागि आरडीटी किटबाट परीक्षण शुरू गरेको बताउनु भयो। बैशाख १३ गते धनगढीमाई नपामा चार महिला र नौ पुरूष गरी १३ जनाको साथै नरहा गाउँपालिकामा पाँच पुरूष गरी वैशाख १३ गते १८ जनाको परीक्षण गरिएको प्रमुख यादवले बताउनु भयो। उहाँले सबैको नतिजा निगेटिभ आएको र १३ गतेसम्म ३ सय ३९ जनाको परीक्षण गरेको र सबैको नतिजा निगेटिभ आएको बताउनु भयो।
जसमा सिरहा नपामा १० जना महिला र ८२ जना पुरूष, मिर्चैया नपामा तीन जना पुरूष, बरियारपट्टी गाउँपालिकामा एक जना पुरूष, विष्णुपुर गाउँपालिकामा पाँच जना महिला र १३ जना पुरूष, गोलबजार नपामा तीन जना महिला र ४० जना पुरूष, सुखिपुर नपामा पाँच जना महिला र ४२ जना पुरूष, लहान नपामा १० जना पुरूष, नरहा गाउँपालिकामा सात जना पुरूष, नवराजपुर गाउँपालिकामा सात जना पुरूष, अर्नमा गाउँपालिकामा पाँच जना महिला र १८ जना पुरूष, लक्ष्मीपुर पतारी गाउँपालिकामा एक जना महिला र ११ जना पुरूष, कल्याणपुर नपामा पाँच जना पुरुष, कर्जन्हा नपामा चार जना महिला र १६ जना पुरूष, औरही गाउँपालिकामा सात जना पुरूष र भगवानपुर गाउँपालिकामा १८ जना पुरूष र सखुवानन्कारकट्टी गाउँपालिकामा चार जना महिला र नौ जना पुरुष, धनगढीमाई नपामा चार जना महिला र नौ जना पुरूष गरी जम्मा ४१ जना महिला र २ सय ९८ जना पुरूषको आरडिटि परीक्षण नेगेटिभ आएको प्रमुख यादवले बताउनु भयो।
सिराहाका सात स्थानीय तहमा कोरोना भाइरस (कोभिड- १९) परीक्षणका लागि बैशाख १३ गते २ सय ५० जनाको स्वाब सङ्कलन गरिएको छ।
बैशाख १२ गते देखि लहान, मिर्चैया, गोलबजार, धनगढी, कर्जन्हा नपा र अर्नामा र विष्णुपुर गाउँपालिकामा स्वाब सङ्कलन सुरू गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले बताउनु भयो।
जल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवका अनुसार राष्ट्रिय प्रयोगशाला टेकु काठमाडौँको टोली र जिल्ला स्वास्थ्य कार्यालयको टोलीले पीसीआर प्रबिधिबाट कोरोना परीक्षण गर्न नमूना सङ्कलन गरेको बताउनु भयो। बैशाख १३ र १४ गते टोलीले नमूना सङ्कलन गरी काठमाडौं लगिने यादवले बताउनु भयो।
स्वास्थ्य प्रमुख यादवका अनुसार बैशाख १३ गते लहान नपामा ६९ जनाको, मिर्चैया नपामा ५० जनाको, कर्जन्हा नपामा सात जनाको, गोलबजार नपामा ६४ जनाको, धनगढीमाई नपामा १० जनाको, अर्नमामा ४८ जना र विष्णुपुर गाउँपालिकामा दुई जनाको गरी २ सय ५० जनाको नमूना सङ्कलन गरीएको र नमूना काठमाडौं पठाउने तयारी भइरहेको प्रमुख यादवले जानकारी दिनु भयो।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दीपेन्द्रप्रसाद सिंहका अनुसार** प्रादेशिक अस्पताल जनकपुरमा हुँदै आएको कोरोना भाइरसको परीक्षण कार्य बन्द गरिएको छ । सर्लाहीको १४ वर्षीय बालकको लिइएको स्वाव परीक्षणको नतिजा जनकपुरमा निगेटिभ आएपनि काठमाडौँको राष्ट्रिय प्रयोगशालामा पुनः परीक्षण गर्दा पोजेटिभ देखिएपछि पीसीआर मेसिनमा खराबी आएको भन्दै जनकपुरमा गरिदै आएको परीक्षण कार्य रोकिएको प्रदेश २ का स्वास्थ्य निर्देशनालयका स्वास्थ्य अधिकृत डा.बिजय झाले जानकारी दिनु भयो । जनकपुरमा चैत २१ गतेदेखि थालिएको पीसीआर मेसिनबाट वैशाख ११ गतेसम्म १ सय जनाको परीक्षण गरिएको छ । वैशाख १२ गते परीक्षण कार्य बन्द गरिएपनि स्वाव सकलन कार्य भने रोकिएको छैन । डा. झाका अनुसार वैशाख १३ गते प्रदेश नं. २ मा ६ सय २६ जनाको स्वाव संकलन गरिएको छ ।

जनकपुरमा स्वाव संकलन गर्दै काठमाडौँ पठाउने गरिएको छ । जनकपुरमा सर्लाही, महोत्तरी र धनुषाकोबासिन्दाको स्वाव संकलन गरिँदै काठमाडौँ पठाउने गरिएको छ ।

रौतहट, बारा र पर्साकावासिन्दाहरुको बीरगंजमा स्वाव संकलन गरेर चेकजाँचको लागि हेटौंडा पठाउने गरिएको छ । सिरहा र सप्तरीकाबासिन्दाहरुको जिल्लामा स्वाव संकलन परीक्षण गर्न सुनसरीको धरानस्थित बिपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा पठाउने गरिएको प्रादेशिक अस्पतालका बरिष्ठ बालरोग विशेषज्ञ डा.जामुन सिंहले बताउनु भयो ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार महोत्तरीमा वैशाख १३ गते आरडीटीबाट १ सय ६३ जनाको स्वास्थ्य परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

प्रदेश २ का समाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले जनाए अनुसार औरही नपामा १४, बलवा नपामा २८, रामगोपालपुर नपामा १२, वर्दिवास नपामा आठ, लोहारपट्टी नपामा ३९, मनरा सिस्वा नपामा १३, सोनमा गाउँपालिकामा १७, गौशला नपामा १८ र जिल्ला प्रहरी कार्यालय महोत्तरीमा १० जना गरी जम्मा १ सय ६३ जनाको आरडीटी परीक्षण गरिएको छ ।

सचिव डा. घिमिरेको अनुसार लकडाउन सुरू भए यता महोत्तरी जिल्लाको विभिन्न नाकाहरूबाट १ सय ५० जना जिल्लाका विभिन्न नपा र गाउँपालिकामा प्रवेश गरेका छन् । उहाँहरूलाई पहिचान गरी क्वारेन्टाइन र होम क्वारेन्टाइनमा राखिएको छ ।

महोत्तरीमा १९ क्वारेन्टाइन रहेकोमा बेड सङ्ख्या ३ सय ८८ रहेको छ । जसमध्ये महोत्तरी जिल्लाको विभिन्न स्थानीय तहहरूको क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ८२ र होम क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ६ सय ६५ गरी जम्मा ७ सय ४७ जना रहेका छन् ।

हालसम्म महोत्तरीको विभिन्न क्वारेन्टाइनमा बसेका ११ जनाको स्वाब परीक्षण गरिएकोमा ११ जनाको रिपोर्ट नेगेटिभ आएको छ ।

त्यसैगरी, प्रदेश २ का आठ जिल्लामा रहेका शङ्कास्पद कोरोना सङ्क्रमितको स्वाब सङ्कलन गर्न विज्ञहरूको आठ टोली परिचालन गरिएको छ । मेडिकल ल्याब एशोसिएसन अफ नेपाल (मेलान), नेपाली सेना र इडिसिटीबाट आएको प्राविधिक टोलीले स्वाब सङ्कलन सुरू गरेका हुन् ।

प्रदेश २ का सामाजिक विकास मन्त्रालयका सचिव रामप्रसाद घिमिरेले काठमाडौँबाट आएका ६ र जनकपुरका दुई गरी आठ टोली स्वाब सङ्कलनमा खटिएको बताउनु भयो ।

स्वाब सङ्कलनको कार्य धनुषा, महोत्तरी, सप्तरी सहित प्रदेश २ का आठै जिल्लामा भइरहेको छ । प्रदेश २ मा करिब १ हजार ५ सय शङ्कास्पद कोरोना सङ्क्रमितको स्वाब सङ्कलन गर्ने लक्ष्य रहेको सचिव

घिमिरेले जानकारी दिनु भयो । सचिव घिमिरेका अनुसार प्रदेश २ का पाँच जना कोरोना सङ्क्रमित पुष्टि भइसकेकाले परीक्षणमा तीव्रता दिइएको छ ।
वैशाख १३ गतेदेखि सिराहाको लहान, गोलबजार, मिर्चैया, कल्याणपुर र सिरहा नगरपालिकाको क्वारेन्टाइनमा रहेका शङ्कास्पद सङ्क्रमितको स्वाब सङ्कलन सुरू गरिएको छ । स्वाब सङ्कलन गरी कोरोना परीक्षणका लागि काठमाडौंको टेकु स्थित राष्ट्रिय प्रयोगशाला पठाइने सचिव घिमिरेले जानकारी दिनु भयो ।
गौशाला नगरपालिका कार्यपालिकाको कार्यालयले राहत वितरण गर्ने क्रममा वडा नं ४ मा घटेको घटनाको सम्बन्धमा सम्बन्धित सरोकारवाला निकायसँग स्पष्टिकरण माग गरेका छन् । वैशाख १३ गते नगरको सभाहलमा बसेको अनुगमन समितिको बैठकबाट राहत वितरणको क्रममा के कत्ति कारणले त्रुटी भएको हो सो सम्बन्धमा वडा कार्यलयसँग लिखित माग गरेको छ ।
वडा कार्यलयले वैशाख १४ गतेसम्म सो सम्बन्धमा नगरपालिकालाई लिखित रुपमै स्पष्टिकरण पेश गर्नु पर्ने जानकारी नगर प्रवक्ता भोजबहादुर दर्लामीले गराउनु भयो ।
त्यस्तै प्रवक्ता दर्लामीले राहत सामग्री खरिद गर्ने क्रममा प्रत्यक्ष संलग्न रहेका खरिद समिति र बिक्रेतालाई समेत यथासिघ्र जवाफ माग गरेको जानकारी दिनु भयो ।
राहतको नाममा गौशाला नगरपालिका वडा नं ४ मा वितरण गरिएको खाने तेलको नमुना परीक्षणका लागि जनकपुर स्थित खाद्य गुणस्तर तथा प्रविधि कार्यालय पठाइएको समेत प्रवक्ता दर्लामीले जानकारी दिनु भयो ।
वैशाख ११ गते गौशाला नगरपालिकाद्वारा वडा नं. ४ मा राहतमा बाँडिएको खाने तेल तरकारीमा पकाएर खाएपछि आधा दर्जन व्यक्ति बिरामी परेपछि विवाद उत्पन्न भएको छ । राहतमा खाने तेलको नाममा अमृत ब्रान्डका प्रशोधित पामोलिन खाने तेल वितरण गरिएको थियो ।
उक्त तेल खादा स्थानीयले पखाला लागेर विरामी परेको भनि वैशाख १२ गते वडा कार्यालय नै घेराउ गर्न स्थानीयहरु पुगेका थिए ।
गौशाला नगरपालिकामा स्थानीय सरकारले वितरण गरेको राहतको खाने तेलका कारण आधा दर्जन भन्दा बढी विरामी परेको घटनामा नेपाल विद्यार्थी सङ्घ महोत्तरीको गम्भिर ध्यानकर्षण भएको जनाएको छ । उक्त बाँडिएको राहतको खाने तेलमा तरकारी पकाएर खाएपछि सात जनालाई पखाला लागेको हुँदा यस घटनाको छानबिनको लागि नेविसङ्घ महोत्तरीले वैशाख १३ गते एक विज्ञप्ती जारी गर्दै माग गरेको छ ।
नेविसङ्घ महोत्तरीका अध्यक्ष आशुतोष झाद्वारा जारी विज्ञप्तीमा कोभिड-१९ को महामारी नियन्त्रण गर्न अन्तर्राष्ट्रिय जगत लगायत देशहरू विफल भइरहेको बेला, जनतालाई सुरक्षित तथा कुनैपनि अमानवीय समस्याबाट गुज्रिन नदिन स्थानीय तहको सरकार र जनप्रतिनिधिसँग अपेक्षा राखिएको उल्लेख गर्दै अहिलेको अवस्थामा स्थानीय जनप्रतिनिधिहरूबाट कुनैपनि किसिमको असंवेदनशिलता जनताको स्वास्थ्य र भविष्यमाथि खेलवाड साबित हुन सक्ने भएको हुँदा यस गम्भीरतालाई दृष्टिगत गर्दै यस संवेदनशील विषयमा तत्काल छानविन र कारवाहीको मार्ग प्रशस्त गरेर सर्वसाधारण जनताको अभिभावकत्व निर्वाह गर्न स्थानीय जनप्रतिनिधिसँग माग गरेको उल्लेख गरिएको छ ।
प्रेस विज्ञप्तिमा व्यपारीसँगको मिलोमतोमा भ्रष्टाचार भएको हुन सक्ने प्रवल सम्भावना बीच यस्तो अमानवीय कार्यको गम्भीरतालाई मध्यनजर गरेर घटनामा सङ्लग्न सबै दोषीहरू माथी कडाईका साथ तत्कालै प्रचलित कानुन बमोजिम कडा कारवाहीको माग गरेको बताउँदै कानून बमोजिम छानवीन प्रक्रियालाई तत्काल सुरूगरि कारवाहीको घेरामा ल्याउन महोत्तरी जिल्ला प्रशासन कार्यालयसँग नेविसङ्घले माग गरेको छ ।

साथै महोत्तरीमा वितरण हुने राहत उपर सम्बन्धित जिम्मेवार निकायको कडा अनुगमन र स्थानीयस्तरबाट भइरहेको गतिविधिलाई ध्यानपूर्वक अनुगमन तथा आफ्नो जनप्रतिनिधिहरूलाई जिम्मेवार बनाउने समय पनि यहि भएकोले उहाँहरूसँग जवाफदेहीता खोज्न सम्बन्धीत सबैलाई जानकारी गराइएको छ ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार रौतहटमा क्वारेन्टाइनमा बस्नेको सङ्ख्या १९ जना महिला र २ सय ८२ पूरूष गरी जम्मा ३ सय १ जना रहेका छन् । रौतहटमा हालसम्मा ६१ हजार ४ सय १७ जनाको ज्वरो जाँच गरीएको छ । रौतहटको विभिन्न स्थानको क्वारेन्टाइनबाट घर फिर्ता गरीएकाहरूको सङ्ख्या २ सय ७७ जना रहेको छ । हालसम्म रौतहटको विभिन्न क्वारेन्टाइनमा बसेका २ सय ७७ जनाको स्वाब परीक्षण गरीएकोमा १ सय ६१ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने एक जनाको रिपोर्ट पोजेटिभ आएको साथै १ सय १५ जनाको रिपोर्ट आउन बाँकी रहेको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनु भयो ।

त्यस्तै आर.डि.टी बाट स्वास्थ्य परीक्षण ४ सय ६७ जनाको गरीएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । रौतहटमा जम्मा ७ सय १ ओटा पीपीई रहेको छ भने जिल्लामा ८ सय ५१ ओटा क्वारेन्टाइन बेड सङ्ख्या रहेको कुरा प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनु भयो । उक्त स्थानिय तहमा रहेको क्वारेन्टाइनमा रहेका व्यक्तिहरूको आवश्यक खाना लगायत वसाई व्यवस्थापन सम्बन्धित स्थानिय तहहरूले गर्दै आएको प्रमुख जिल्ला अधिकारीले बताउनु भयो ।

लकडाउनको अवधिमा स्थानिय तहले वितरण गरेको राहत सामग्रीको पारदर्शिताको लागि सार्वजनिक हुनुपर्ने माग उठेको छ । रौतहटको १८ ओटै स्थानिय तहले आफ्नो क्षेत्रका अति विपन्न परिवार र असङ्गठित क्षेत्रमा काम गर्ने श्रमिक मजदुर वर्गलाई वितरण गरेको राहत सामग्रीको पारदर्शिताको लागि सार्वजनिक हुनुपर्ने माग उठिरहेको बेला परोहा नगरपालिकाले सार्वजनिक गरेको छ । परोहा नगरपालिकाले सार्वजनिक गरेको तथ्याङ्कमा ३२ लाख ५८ हजार ७ सय ५० रुपियाँको खर्च भएको जनाइएको छ । नगरपालिकाले जनाए अनुसार वितरीत खाद्य सामग्रीमा चामल १५ किलो, स्वायबिन ५ सय ग्रम सहितको १ हजर १ सय ८५ रुपियँको प्याकेज रहेको छ । लकडाउनले रोजगार गुमाएर जीविकोपार्जन गर्न समस्या भएका नागरिकलाई राहत वितरण गर्न नेपाल सरकारले निर्देशन अनुसार स्थानिय तहले राहत सामग्री वितरण गरेको हो । परोहा नगरपालिकाले लागतमा वितरण गरीएको २ हजार ७ सय ५० घरधुरीको विवरण सार्वजनिक गरेको छ । नगरपालिकाले वडा नं. १ मा २ सय २५ , वडा नं. २ मा २ सय ५१, वडा नं.३ मा ३ सय ४७, वडा नं. ४ मा २ सय ९१, वडा नं. ५ मा २ सय १९ , वडा नं. ६ मा २ सय ५२, वडा नं. ७ मा ३ सय ३०, वडा नं. ८ मा ३ सय १३, वडा नं. ९ मा ३ सय ८०, क्वारेन्टाइनमा बस्ने २६ जनालाई तथा विभिन्न व्यक्ति मठ मन्दिर गरी १६ लाई राहत वितरण गरिएको छ ।

रौतहट जिल्लामा कोभिड १९ को सङ्क्रमण भएको व्यक्तिलाई उपचार गर्नमा सहयोग पुग्ने उद्देश्यले वर्ल्ड भिजन इन्टरनेशनल नेपालले सहयोग गर्दै कोभिड १९ प्रतिकार्यको पीपीई सेट तथा थर्मल गन प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेलाई हस्तान्तरण गरेको छ । ग्रामीण विकास केन्द्र नेपाल रौतहटले जिल्ला प्रशासन कार्यालयमा आयोजना गरेको पीपीई सेट हस्तान्तरण कार्यक्रममा सहयोगी संस्थाका ब्रम्हदेव रायले उक्त सामग्री हस्तान्तरण गर्नु भएको हो । उपलब्ध गराइएको पीपीई सेटमा २० किसिमका सुरक्षाको सामग्री रहेको छ । चार ओटा इलेक्ट्रोनिक थर्मोमिटर गन दिइएको आयोजक संस्थाका अध्यक्ष पारस हुसैनले बताउनु भयो । पीपीई सेटमा एन ९५ मास्क एक थान, सर्जिकल मास्क

एक, चिकित्सा सुरक्षा लुगा एक, एक्सामिनाशंस ग्लोब्स, शू कवर, भाइजोर मास्क, हुड, कम्फैट गाउन एक, गमबूट एक, बिआहैजर्ड बैग एक, नन बीमेन कैरी बैग एक डिस इन्फेक्शन्स एक लगायत सामग्री रहेका छन् । प्रमुख जिल्ला अधिकारी घिमिरेले महामारीको बेलामा ग्रामीण विकास केन्द्र नेपालले सक्दो सहयोग गर्दै आएको भन्दै सहयोगी संस्था समेतलाई आभार व्यक्त गर्नु भएको छ । कार्यक्रममा आयोजक संस्थाका कोषाध्यक्ष ममता झा, कार्यकारी निर्देशक आलोक सिंह सहितका व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार जिल्लामा क्वारेन्टाइन बेड सङ्ख्या ४ सय ४३ रहेकोमा २ सय ७ जना क्वारेन्टाइनमा बसेको जिल्ला प्रशासन कार्यालयका सुचना अधिकारी ओम खड्काले बताउनु भएको छ । आइसोलेशन बेड सङ्ख्या ४८ रहेकोमा आइसोलेशन वार्डमा आठ जना बसीरहेको र सबै जनाका स्वास्थ्य अवस्था राम्रो रहेको खड्काले बताउनु भयो ।
कलैया अस्पतालमा ३८ जना, कलैया उपमहानगरपालिकामा १४ जना, सिम्रोगढ नगरपालिकामा पाँच जना, महागढीमाई नगरपालिकामा आठ जना, पचरौता नगरपालिकामा १५ जना, सुवर्ण गाउँपालिकामा १३ जना, आदर्शकोत्वाल गाउँपालिकमा पाँच जना, फेटा गाउँपालिकामा पाँच जना, जितपुरसिमरा उपमहानगरपालिकामा १९ जना, निजगढन गाउँपालिकामा ९ जना, बारागढी गाउँपालिकामा तीन जना, करैयामाई गाँउपालिकामा एक जना र कोल्हवी नगरपालिकामा ६ जना गरी जिल्लामा १ सय ४१ जनाको आरडीटी विधिबाट परीक्षण भएकोमा सबैको नतिजा नेगेटिभ आएको जिल्ला प्रशासन कार्यालयका सुचना अधिकारी ओम खड्काले बताउनु भयो ।
कोल्हवी नगरपालिकाले प्रथम चरणमा ३ हजार २ सय ८६ लकडाउन प्रभावित र विपन्न परिवारलाई राहत वितरण गरेको नगर प्रमुख भरत बहादुर भण्डारीले बताउनु भयो । उहाँले प्रदेश सरकारले जारी गरेको राहत वितरण निर्देशिका र नगरपालिकाको कार्य विधि अनुसार पारदर्शी तरिकाले वितरण गरेको बताउनु भयो ।
निजगढ नगरपालिकाले उद्योग बाणिज्य सङ्घमा सञ्चालन गरेको क्वारेन्टाइनमा जिल्ला बाहिरबाट आएका र नगर भित्रका सामान्य समस्या देखिएका नागरिक क्वारेन्टाइनमा बस्ने समय अवधि सकेर घर फर्कन लागेको खड्काले बताउनु भयो । उहाँले आठ जना नागरिकको आरडीटी परीक्षण गर्दा नेगेटिभ आएपछि १४ दिन अवधि पुरा भएकाहरुलाई घर पठाइएको उहाले जानकारी दिनु भयो ।
आर्टअफ लिभिङ्ग नेपालले फेटा गाउँपालिका-३ र ४ का ६० जना अति विपन्न दलित, महिला, पुरूषलाई नुन, तेल, चामल लगायतका खाद्यान्न वितरण गरेको देवनारायण साह कलबाले बताउनु भएको छ । राहत वितरण गर्न आर्ट अफ लिभिङ्गका प्रशिक्षक र भोलेन्टियरले सहयोग गरेको कपिलदेव साहले बताउनु भयो । प्रशिक्षक श्यामसुन्दर गुप्ता र कृष्ण सराफले राहत वितरणका लागि विवरण सङ्कलन गरेको बताउनु भयो ।
सुवर्ण गाउँपालिका-२ मा लकडाउनबाट अति प्रभावित १ सय ८५ जनालाई राहत वितरण गरेको वडा अध्यक्ष रन्जित प्रसाद यादवले बताउनु भयो । अपाङ्ग, दलित, गरिव परिवारलाई प्रदेश सरकारको निर्देशिका अनुसार राहत वितरण गरी नागरिकलाई सहयोग गरेको प्रदेश सभा सदस्य बच्चा राउत यादवले बताउनु भयो । वडा सचिव ओम प्रसाद साहले गाउँपालिकामा भएको सर्वदलीय बैठकले नाम सङ्कलन गरी राहत वितरण गरेको बताउनु भयो ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसि लामिछाने**का अनुसार लकडाउनको बेलामा पोखराबाट घर फर्किएका छिपहरमाई गाउँपालिकाका ४३ जनालाई गाउँपालिकाको वडा नं. ५ भिस्वामा स्थापना गरिएको क्वारेन्टिनमा राखिएको छ ।
उहाँहरू वैशाख १३ गते बिहान छिपहमाई गाउँपालिकामा आइपुगेका हुन । उनीहरूसँग पाँच जना भारतीय नागरिक रहेका छन् भने अन्य पाँच जना धोवीनी गाउँपालिकाका रहेका छन् । पोखरामा विभिन्न पेशा व्यवसायमा संलग्न उहाँहरू लकडाउन लामो हुँदै गएपछि घर फर्किएका हुन ।
क्वारेन्टाइनमा ६ भारतीय सहित ३८ जनालाई राखिएको छ भने पाँच जनालाई धोबिनी गाउँपालिकाको क्वारेन्टिनमा पठाइएको छिपहरमाई गाउँपालिकाका अध्यक्ष मनोज गुप्ताले जानकारी दिनु भयो । श्री मंगल मावि भिस्वामा रहेको गाउँपालिकाको क्वारेन्टाइनमा यसअघि नै १६ जनालाई राखिएको र वैशाख १३ गके सो क्वारेन्टाइनमा ३८ जना थप भएको अध्यक्ष गुप्ताले बताउनु भयो ।
ती सबै जनालाई १४ दिनसम्म क्वारेन्टाइनमा राखिने अधिकृत देवनाथ साहले वताउनु भयो । पोखराबाट बसमा धेरै जना भिस्वा बजारमा पुगेको गाउँपालिका अध्यक्ष मनोज गुप्ताले थाहा पाए लगतै त्यहाँ आफै पुगी सबै जनालाई क्वारेन्टाइनमा राख्न निर्देशन दिनु भएको थियो ।
त्यसैगरी, र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) किटले काम नगरेको भन्दै विज्ञले परीक्षणको अन्य विधि प्रयोग गर्नु पर्ने सुझाव दिएका छन् । बीरगंजमा चैत ३० गते तीन जना भारतीय नागरिकमा सङ्क्रमण देखा परेपछि गरिएको र्‍यापिड डाइग्नोस्टिक टेस्टको सबै नतिजा नेगेटिभ आएपछि यस्तो सुझाव आएको हो ।
परीक्षणमा संलग्न चिकित्सक डा.उदयनारायण सिंहले किटले काम नगरेको आशङ्का व्यक्त गर्दै परीक्षणको अर्को विधि अपनाउनु पर्ने बताउनु भएको छ ।
बीरगंज महानगरपालिका वडा नं. २ मा रहेको जामे मस्जिदमा बसेका तीन जना भारतीय नागरिक जो धर्म प्रचारक हुन्, उहाँहरूको ट्राभल हिस्ट्रीका आधारमा उहाँहरू बसेको र घुमेको क्षेत्रमा आरडीटी टेस्ट गर्दा पोजेटिभ फेला नपरेपछि किट माथि नै शङ्का उत्पन्न भएको जनाइएको छ ।
बीरगंजको आइसोलेशन वार्डमा राखिएका उहाँहरूलाई आरडीटी प्रविधिबाट परीक्षण गर्दा नेगेटिभ नतिजा देखिएकाले पनि आरडीटी किट विश्वसनीय नभएको डा. सिंहको दावी छ ।
तीन जना पोजेटिभ फेला परेको बीरगंज वडा नं. १ देखि ३ सम्मको मक्का जामे मस्जिद, सोसँग जोडिएको छपकैया, घुसुकपुर, सिसौंबारी, बजार छपकैया, शीतलपुर छपकैया र बीरगंजको वडा नं २६ अठराहाँ सुगौली, सखुवाप्रसौनी, पटेर्वासुगौली, बीरगंज बसपार्क र नारायणी अस्पतालसमेतमा गरी करीब १ हजार ५ सय जनाको आरडीटी टेस्ट गर्दा नेगेटिभ नतिजा मात्र फेला पर्नुले आरडीटीमाथि शङ्का लागेको जनाइएको छ ।
डा.सिहंले नारायणी कोभिड अस्पतालमा अहिले आरडीटी मात्र भइरहेको भन्दै पीसीआर परीक्षण सञ्चालन भएपछि पुनः यी क्षेत्रमा परीक्षण गर्नुपर्ने बताउनु भयो ।
**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**